# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## हुप्सेकोट गाउँपालिका

### नवलपरासी (बर्दघाट सुस्ता पूर्व)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## हुप्सेकोट गाउँपालिका

### नवलपरासी (बर्दघाट सुस्ता पूर्व)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७९

## हुप्सेकोट गाउँपालिका

## नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७८।७९
च.नं. ९४
मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्ष ज्यू,
हुप्सेकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.) ।

**कैफियत सहितको राय**

हामीले हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड १४ लाख ९७ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ६४ लाख २५ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८८ लाख ३० हजार, नियमित गर्नुपर्ने रु. २५ लाख ८१ हजार र पेश्की रू. ३२ लाख ३७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ५ करोड ७१ लाख ६५ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षण वाट रु. ३९ लाख ८७ हजार पछ्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ८२ लाख ५० हजार रहेको छ। गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

हुप्सेकोट गाउँपालिका, नवलपरासी (ब.सु.पू.)

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | ४६ | २१४९७ | ० | ६ | ६४२५ | ५१ | ४० | १५०७२ | ४२४ | २५८१ | ८८३० | ० | ० | ११४११ | ३२३७ |

## १.२. प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | २१ | असूल भइ फछ्र्यौट भएको | १४८७५ |
| २. | ३२.२ | असूल भइ फछ्र्यौट भएको | ३७०० |
| ३. | ३३ | जिन्सी दाखिला भइ आएको | ५९६१३४ |
| ४. | १३ | व्यक्ती तथा निर्माण व्यवसायीको पेश्की फछ्र्यौट भएको | १३०००० |
| ५. | २२ | प्रमाण पेश भई फर्छ्यौट | २८०००० |
| ६. | १६ | प्रमाण पेश भएको | ५४००००० |
| | | **जम्मा** | ६४२४७०९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| हुप्सेकोट गाउँपालिका नवलपरासी (ब.सु.पू.) | ५७१६५ | ० | ३९८७ | ५३१८७ | ० | १५०७२ | ६८२५० |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : हुप्सेकोट गाउँपालिका, नवलपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र प्रसाद बस्याल | २०७८-९-२९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पवन अर्याल | २०७८-१-२२ | २०७८-९-२७ |
| लेखा प्रमुख | राजेन्द्र प्रसाद रेग्मी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १,५०,७१,८८४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,६९,७९,१८४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१,२९,०१,५०० | **चालु खर्च** | २८,३७,८३,२१५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,४१,८३,००० | **पूँजीगत खर्च** | १६,१४,८९,६९० |
| **राजश्व बाँडफाँट** | ९,२६,४८,३८२ | **वित्तीय/अन्य व्यवस्था** | १३,८४,६३,७३८ |
| **आन्तरिक आय** | ७९,४३,१७२ | | |
| **अन्य आय** | १२,६७,६९,८४५ | | |
| **कुल आय** | ५६,४४,४५,८९९ | **कुल खर्च** | ५८,३७,३६,६४३ |
| **बाँकी मौज्दात** | | ५,७६,८८,४४० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।१०।१० मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्ः</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचयः<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १८९ वर्ग किलोमिटर क्षेत्रफल तथा २५०६५ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सञ्चितकोषको हिसाबः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः
<table>
<tr><td colspan="7">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="3">यस वर्ष रु.</td><td colspan="2">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५४,८३,२४,०२०.००</td><td>४२,२६,५५,४७८.०५</td><td>४२,२६,५५,४७८.०५</td><td>४०,५६,४८,९३०.७९</td><td>४०,५६,४८,९३०.७९</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५२,४३,५६,६७९.०० | ४१,१२,९७,१८५.०५ | ४१,१२,९७,१८५.०५ | ३९,५०,५४,५५५.७४ | ३९,५०,५४,५५५.७४ |
| ११००० कर | ११ | ८,८९,१०,०००.०० | ८,९९,६७,४१२.७८ | ८,९९,६७,४१२.७८ | ८,०१,५५,०८२.१२ | ८,०१,५५,०८२.१२ |
| १३००० अनुदान | | ३८,७७,७१,६७९.०० | ३१,१६,१२,८७१.०६ | ३१,१६,१२,८७१.०६ | ३०,२३,६२,१६४.०० | ३०,२३,६२,१६४.०० |
| संघीय सरकार | १२ | ३४,९६,७७,०००.०० | २७,८२,५२,९७२.५० | २७,८२,५२,९७२.५० | २६,८७,५३,१२४.०० | २६,८७,५३,१२४.०० |
| प्रदेश सरकार | १२ | २,८२,८९,०००.०० | २,३५,५४,२१९.०० | २,३५,५४,२१९.०० | २,७१,१२,०००.०० | २,७१,१२,०००.०० |
| अन्तरिक श्रोत | | ० | ० | ० | १०,३२,५००.०० | १०,३२,५००.०० |
| जनसहभागिता | | ९८,०५,६७९.०० | ९८,०५,६७९.५६ | ९८,०५,६७९.५६ | ५४,६४,५४०.०० | ५४,६४,५४०.०० |
| १४००० अन्य राजस्व | | ४,७६,७५,०००.०० | ८८,५३,१०६.२१ | ८८,५३,१०६.२१ | १,२३,६६,५५६.६२ | १,२३,६६,५५६.६२ |
| १५००० विविध प्राप्ति | | ० | ८,६३,७९५.०० | ८,६३,७९५.०० | १,७०,७५३.०० | १,७०,७५३.०० |
| ख. अन्य प्राप्ति | | २,३९,६७,३४१.०० | १,१३,५८,२९३.०० | १,१३,५८,२९३.०० | १,०५,९४,३७५.०५ | १,०५,९४,३७५.०५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,३९,६७,३४१.०० | १,०१,५२,२१३.०० | १,०१,५२,२१३.०० | २५,५०,०००.०० | २५,५०,०००.०० |
| धरौटी | | ० | १२,०६,०८०.०० | १२,०६,०८०.०० | ८०,४४,३७५.०५ | ८०,४४,३७५.०५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६१,२३,४१,३३४.०० | ४५,६७,९७,०००.८४ | ४५,६७,९७,०००.८४ | ४१,९९,४२,६६५.८५ | ४१,९९,४२,६६५.८५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५८,८३,७३,९९३.०० | ४४,५३,८७,६३८.५० | ४४,५३,८७,६३८.५० | ४०,७९,७९,६२७.३५ | ४०,७९,७९,६२७.३५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,५६,१८,०००.०० | १३,८८,६५,५४१.२० | १३,८८,६५,५४१.२० | ११,६७,२७,१२०.४० | ११,६७,२७,१२०.४० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,२३,७०,५८४.०० | ११,८६,३८,६७२.३० | ११,८६,३८,६७२.३० | ८,३७,३९,०४४.२० | ८,३७,३९,०४४.२० |
| २५००० सहायता (Subsidy) | १८ | २,५९,५३,०००.०० | २,४९,२१,९८०.०० | २,४९,२१,९८०.०० | ३,०२,८१,१३०.०० | ३,०२,८१,१३०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४७,५०,०००.०० | ८,९८,५००.०० | ८,९८,५००.०० | १,३४,७०,९६३.०० | १,३४,७०,९६३.०० |
| २८००० अन्य खर्च | १८ | ९,००,०००.०० | ४,५८,५२२.०० | ४,५८,५२२.०० | ५९,१५,७४३.७५ | ५९,१५,७४३.७५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,८७,८२,४०९.०० | १६,१६,०४,४२३.०० | १६,१६,०४,४२३.०० | १५,७८,४५,६२६.०० | १५,७८,४५,६२६.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>घ. अन्य भूक्तानी</td><td></td><td>२,३९,६७,३४१.००</td><td>१,१४,०९,३६२.३४</td><td>१,१४,०९,३६२.३४</td><td>४१,९९,४२,६६५.८५</td><td>४१,९९,४२,६६५.८५</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>२,३९,६७,३४१.००</td><td>१,०८,०९,६८८.६३</td><td>१,०८,०९,६८८.६३</td><td>१,०४,३४,९८८.५०</td><td>१,०४,३४,९८८.५०</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>१०,०६,१९२.००</td><td>१०,०६,१९२.००</td><td>१५,२८,०५०.००</td><td>१५,२८,०५०.००</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td></td><td>(४,०६,५१८.२९)</td><td>(४,०६,५१८.२९)</td><td></td><td></td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(६,४०,१७,३१४.००)</td><td>(३,४१,४१,५२२.७९)</td><td>(३,४१,४१,५२२.७९)</td><td>(१,४२,९३,७३५.०६)</td><td>(१,४२,९३,७३५.०६)</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>९,११,५५,३१२.३८</td><td>९,११,५५,३१२.३८</td><td>९,११,९२,१३७.४२</td><td>९,११,९२,१३७.४२</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(६,४०,१७,३१४.००)</td><td>५,७०,१३,७८९.५९</td><td>५,७०,१३,७८९.५९</td><td>७,६८,९८,४०२.३६</td><td>७,६८,९८,४०२.३६</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>५,६६,५२,७८९.५९</td><td>५,६६,५२,७८९.५९</td><td>७,९६,५३,४०२.३६</td><td>७,९६,५३,४०२.३६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३१ जनाको दरबन्दी रहेकोमा ८ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु २३४००६१९।- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४.२ | | | **सम्पत्ति हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ४.३ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । अभिलेख राख्नुपर्नेमा राखेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.४</td><td></td><td></td><td>सवारीसाधन खरिद— स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ८२८०००।-, तथा १ थान चार पांग्रे (टेलर सहित) सवारी साधन खरिदमा रु. २३४००००।- बजेटबाट खर्च गरेको छ ।<br><table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>3</td><td>828000</td></tr><tr><td>२</td><td>ट्रयाक्टर</td><td>1</td><td>2340000</td></tr><tr><td></td><td>जम्मा</td><td>4</td><td>3168000</td></tr></table></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट तथा कार्यक्रमः</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री स्वतन्त्र कोपिला मल्लले मिति २०७८।३।१० गते रु. ५२ करोड ११ लाख ४३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रमुखले २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५.२ | | | **बजेट सीमा निर्धारण समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले असार ३ गते मात्र उपलब्ध गराएको र समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ५.३ | | | **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष कोभिड १९ प्रकोप व्यवस्थापन कोष र विपद् व्यवस्थापन कोष शिर्षकमा एकमुष्ट रुपमा रु. ११९९३०००।- बजेट राखेकोमा कार्यक्रम तोकेको छैन । बजेट अवण्डाको रुपमा राखी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वार्षिक नीति तथा कार्यक्र र बजेटको सिद्धान्त विपरित कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ५.४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा- स्था**नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ५.५ | | | **गत बर्षको दायित्व-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७८।७९ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ५५२३३१४।- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ५.६ | | | **चौमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले तेस्रो चौमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>बजेट उपशिर्षक</td><td>कुल खर्च</td><td colspan="4">चौमासिक खर्च (रु. हजारमा)</td></tr>
<tr><td></td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>161489</td><td>5139</td><td>37509</td><td>118841</td><td>62536</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>3.18</td><td>23.23</td><td>73.59</td><td>38.72</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.७</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क.स</th><th>क्षेत्र</th><th>बजेट (रु. हजारमा)</th><th>खर्च (रु. हजारमा)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>53260</td><td>27187</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>189955</td><td>128445</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>245765</td><td>212904</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>13434</td><td>9912</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>19531</td><td>11911</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>66428</td><td>55015</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>588373</td><td>445374</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.८</td><td></td><td></td><td>योजना र कार्यान्वयन—स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः
<table>
<tr><th>क.स.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम (रु. हजारमा)</th></tr>
<tr><td>१</td><td>रु.१ लाखभन्दा कमको योजना</td><td>20</td><td>1065</td></tr>
<tr><td>२</td><td>रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना</td><td>110</td><td>23641</td></tr>
<tr><td>३</td><td>रु. ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>24</td><td>16093</td></tr>
<tr><td>४</td><td>रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>२३</td><td>46156</td></tr>
<tr><td>५</td><td>रु. ५० लाख भन्दा माथिका</td><td>6</td><td>103842</td></tr>
<tr><td></td><td>जम्मा</td><td>183</td><td>190797</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>वित्तीय विवरण परीक्षणः</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको —स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ८४८९८४०२।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ७६९७९१८४।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ७९१९२१८।- घटी जिम्मेवारी सरेको सम्बन्धमा गाउँपालिकाले यकिन गर्नुपर्नुपर्दछ । | |
| ६.२ | | | **खर्च विश्लेषण-** पालिकाले यो बर्ष कुल आन्तरिक आयबाट रु· ७९४३१७२।- , राजश्व बाँडफाँड र अनुदानबाट रु· ४२९७६९८४५।-,सामाजिक सुरक्षा र कोष (अन्यआम्दानी)रु·१२६७६९८४५।- तथा गतवर्षको जिम्मेवारी रु. ७६९७९१८४।- समेत गरि रु.६४१४२५०८३।- जम्मा आम्दानी भएकोमा चालु तर्फ रु २८३७८३२१६।-, पूँजीगत तर्फ रु. १६,१४,८९,६९०।- र सामाजिक सुरक्षा र कोष (बित्तीय ब्यबस्था) तर्फ रु.१३,८४,६३,७३७।- समेत रु. ५८,३७,३६,६४३।- जम्मा खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६२५८,०००।- खर्च भएको छ, जुन आन्तरिक आयको ७८.७८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८.६१ प्रतिशत चालु , २३·७२ प्रतिशतमात्र पूँजीगत निर्माणमा तथा सामाजिक सुरक्षा र कोष (वित्तीय व्यवस्था) २७.६७ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ६.३ | | | **कार्यक्रम तथा प्रगति-** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्यत्र अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट न्यून विनियोजन, जग्गा विवाद तथा लागत सहभागिता नभएकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्ः<br>सि.नं. \| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम \| विनियोजन \| खर्च \| खर्च (%) | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | | |
|---|---|---|---|---|
| १ | जुकेपानी ठाडो बाटो कालोपत्रे | 600 | ० | ०.०० |
| २ | जुकेपानी ठाडो बाटो कालोपत्रे | 220 | ० | ०.०० |
| ३ | २ नं. डहर सडक कालोपत्रे कोलिया (लागत सहभागिता -जनसहभागिता) | 1013 | ० | ०.०० |
| ४ | डहर नं.१ सडक कालोपत्रे-वडा नं.२ (लागत सहभागिता-गा.पा.) | 1271 | ० | ०.०० |
| ५ | डहर नं.१ सडक कालोपत्रे-वडा नं.२ (लागत सहभागिता-गा.पा.) | 1129 | ० | ०.०० |
| ६ | महेन्द्र बस्यालको घर देखि यम बहादुरको घर सम्मको बाटो कालोपत्रे (जनसहभागिता) | 575 | ० | ०.०० |
| ७ | लुम्पेस खानेपानी मर्मत वडा नं.१ | 200 | ० | ०.०० |
| ८ | जोखिम नक्सा होडिङ बोर्ड | 200 | ० | ०.०० |
| ९ | जनप्रिय आमा समूह भवन निर्माण रुम्सी | 200 | ० | ०.०० |
| १० | झ्यालआरी सिंचाई कुलो निर्माण | 50 | ० | ०.०० |
| ११ | हात्तीगैंडा ईनार मर्मत सम्भार | 90 | ० | ०.०० |
| १२ | बुद्ध चोक देखि पत्थरखोला मोटर बाटो मर्मत | 100 | ० | ०.०० |
| १३ | तल्लो रुम्सी खानेपानी टंकी निर्माण | 300 | ० | ०.०० |
| १४ | बाकखोर आमा समुह भवन व्यवस्थापन तथा नया शौचालय निर्माण योजना (१० वटा ) | 350 | ० | ०.०० |
| १५ | पांग्रेघाट मोटरबाटो मर्मत तथा निर्माण योजना | 200 | ० | ०.०० |
| १६ | सिद्धबाबा मन्दिर निर्माण | 350 | ० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १७ रुम्बक खानेपानी पाइप खरिद \| 200 \| ० \| ०.००<br>१८ गुरुङघाट खोपकेन्द्र भवन निर्माण \| 388 \| ० \| ०.००<br>१९ रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्धन कार्यक्रम \| 20800 \| ० \| ०.०० | |
| ६.४ | | | **कार्य योजना-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूरा गरेको देखिएन । | |
| ६.५ | | | **वार्षिक प्रतिवेदन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ७.१ | | | **कानून र सञ्चालन स्थिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, २ वटा नियमावली, ३७ वटा कार्यविधि लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ७.२ | | | **न्यायीक समिति—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ११ र यो बर्ष थप भएको ४५ गरी कुल ५६ विवाद दर्ता भएकोमा ४५ वटा मात्र फछ्र्यौट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **सेवा प्रवाह विवरणः**<br>**सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन—कुनमा हो भनी यकिन हुन सकिएन । | |

| विवरण | जम्मा |
|---|---|
| नागरिकता सिफारिस | 1587 |
| घरबाटो सिफारिस | 559 |
| नाता प्रमाणित | 464 |
| घटना दर्ता | 1189 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्य — 4399 | |
| ९ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| ९.१ | | | **कल्याण कोष—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ८०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ९.२ | | | **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पदमा ४० जना कर्मचारीहरु करारमा राखि रु. ८६९९७८७।- खर्च लेखेको छ । | |
| ९.३ | | | **वडा सचिवको पदपूर्ति-** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६ \| ६ \| ३ \| ३ | |
| १० | | | **आर्थिक सहायता, अन्य विविध खर्च र अनुदानः** | |
| १०.१ | | | **विविध खर्च—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २६९००००।- खर्च गरेको छ । | |
| १०.२ | | | **आर्थिक सहायता— स्था**नीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ९१३५००।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १०.३ | | | **अनुदान फिर्ता-** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन ।औधौगिकग्राम तर्फ खर्च नभई बाँकी रु. ९२०००००।— को कार्य प्रगति देखिएन । | |
| ११ | | | **डिपिआर र सफ्टवेयरः** | |
| ११.१ | | | **डीपीआर खर्च-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br>कार्य विवरण \| परामर्शदाता \| स्वीकृत रकम \| खर्च रकम | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गिरुवारी खोला पुल</td><td>डिपिआर एस डेभ्लपर्स एण्ड डिजाइन</td><td>492949</td><td>492949</td></tr>
<tr><td>औधौगिकग्राम</td><td>इगल्स सोलुसन</td><td>989315</td><td>989315</td></tr>
<tr><td>गिरुवारी खोला आइइ</td><td>ब्रिक कन्सल्टेन्ट प्रा.लि.</td><td>1195540</td><td>1195540</td></tr>
<tr><td>पत्थर खोला आइइ</td><td>ग्रिन इन्जिनियरिङ कन्सर्न प्रा.लि.</td><td>394370</td><td>394370</td></tr>
<tr><td>आवधिक आयोजना</td><td>इस्ट्रेन्थ इन्जिनियरिङ क.प्रा.लि.</td><td>1494990</td><td>417147</td></tr>
<tr><td>कोल्ड स्टोर निर्माण</td><td>स्टार ट्रेड एण्ड इन्जिनियरिङ प्रा.लि.</td><td>991575</td><td>944189</td></tr>
<tr><td>जम्माः</td><td></td><td>5558739</td><td>4433510</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले डि.पि.आर. निर्माणको क्रममा प्राविधिक जनशक्ति पदपूर्ती भइ नसकेको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जावाफ दिएतापनि यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिएन ।
</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>सफ्टवेयर खरिद- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले देहाय बमोजिमका सफ्टवेयर खरिद गरी रु. २४२२९४६।- खर्च गरेको छ । ती सफ्टवेयर चालु अवस्थमा रहेका छन् । खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ. र मिति</td><td>आपूर्तिकर्ता</td><td>काम</td><td>रकम</td></tr>
<tr><td>१३।२०७८।६।१८</td><td>रेडियन्ट इन्फोटेक नेपाल प्रा.लि. (301740359)</td><td>डिजिटल हस्ताक्षर</td><td>484996</td></tr>
<tr><td>६१२।०७९।३।२५</td><td>माण्डव्य ग्रुप अफ क.प्रा.लि. (609911233)</td><td>सर्भे प्रोफाइल तथा एप्लिकेशन</td><td>1937950</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>2422946</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>राजश्व तथा अन्यः</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः
<table>
<tr><td>सि.नं.</td><td>आम्दानी शीर्षक</td><td>अनुमान</td><td>यस महिना सम्मको आम्दानी</td><td>असूली प्रतिशत</td></tr>
<tr><td>१</td><td>एकीकृत सम्पती कर</td><td>800000.00</td><td>180442</td><td>22.56</td></tr>
<tr><td>२</td><td>भुमिकर/मालपोत</td><td>1000000.00</td><td>480469</td><td>48.05</td></tr>
<tr><td>३</td><td>घरजग्गा रजिष्टेशन दस्तुर</td><td>0.00</td><td>0</td><td>0.00</td></tr>
<tr><td>४</td><td>घरवहाल कर</td><td>350000.00</td><td>458798</td><td>131.09</td></tr>
<tr><td>५</td><td>न्यायिक दस्तूर</td><td>10000.00</td><td>0</td><td>0.00</td></tr>
<tr><td>६</td><td>परीक्षा शुल्क</td><td>15000.00</td><td>2800</td><td>18.67</td></tr>
<tr><td>७</td><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>200000.00</td><td>53000</td><td>26.50</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ८ | नक्सापास दस्तुर | 300000.00 | 364669 | 121.56 |
| ९ | सिफारिश दस्तुर | 1000000.00 | 1695890 | 169.59 |
| १० | व्यक्तिगत घटना दर्ता दस्तुर | 100000.00 | 267000 | 267.00 |
| ११ | नाता प्रमाणित दस्तुर | 100000.00 | 284600 | 284.60 |
| १२ | अन्य दस्तुर | 100000.00 | 1146385 | 1146.39 |
| १३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | 300000.00 | 0 | 0.00 |
| १४ | अन्य क्षेत्रको आय | 45000000.00 | 75000 | 0.17 |
| १५ | प्रशासनिक दण्ड जरिवाना र जफत | 350000.00 | 675000 | 192.86 |
| १६ | अन्य राजस्व | 50000.00 | 1395324 | 2790.65 |
| १७ | व्यवसाय कर | 150000.00 | 0 | 0.00 |
| जम्मा | | 49825000.00 | 7079377 | 14.21 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणमा आन्तरिक आय तर्फ रु. ७९४३१७२।- आम्दानी देखाएकोमा सुत्रबाट तयार भएको आन्तरिक राजश्व खातामा रु. ७०७९३७७।- देखिन्छ । यसरी एकिकृत आय व्यय र सुत्रबाट तयार भएको विवरणमा फरक देखिएको रकम सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>राजश्व अभिलेख- कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br><table>
<tr><th>क.स.</th><th>विद्यालयको नाम</th><th>ठेगाना</th><th>स्थायी जम्मा</th><th>करार जम्मा</th><th>जम्मा शिक्षक दरबन्दी</th><th>पदपर्ति करार</th><th>स का कास</th><th>कूल शिक्षक कर्मचारी</th><th>जम्मा विद्यार्थी संख्या ०७८</th></tr>
<tr><td>१</td><td>स.सं.तथा सा.मा.वि. गिरुवारी</td><td>हुप्सेकोट (३</td><td>18</td><td>2</td><td>20</td><td></td><td>4</td><td>24</td><td>750</td></tr>
<tr><td>२</td><td>जनता मा.वि. बेलवा</td><td>हुप्सेकोट (१</td><td>5</td><td>11</td><td>16</td><td></td><td>4</td><td>20</td><td>689</td></tr>
<tr><td>३</td><td>नेपाल शान्तिमा.वि.वेलाहानी</td><td>हुप्सेकोट (३</td><td>5</td><td>7</td><td>12</td><td></td><td>3</td><td>15</td><td>462</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>हुप्सेकोट मा.वि.मौलाथर</td><td>हुप्सेकोट (६</td><td>1</td><td>7</td><td>8</td><td></td><td>3</td><td>11</td><td>320</td></tr>
<tr><td>५</td><td>हुप्सेकोट मा.वि.रुम्सि</td><td>हुप्सेकोट (४</td><td>0</td><td>7</td><td>7</td><td>१</td><td>4</td><td>12</td><td>248</td></tr>
<tr><td>६</td><td>शिक्षा वोधनी मा.वि. शंखदेउ</td><td>हुप्सेकोट (४</td><td>4</td><td>6</td><td>10</td><td></td><td>3</td><td>13</td><td>348</td></tr>
<tr><td>७</td><td>सूर्य ज्योति मा.वि.जुगेपानी</td><td>हुप्सेकोट (१</td><td>3</td><td>8</td><td>11</td><td></td><td>5</td><td>16</td><td>423</td></tr>
<tr><td>८</td><td>ज्वाला आद्यारभुत विद्यालय</td><td>हुप्सेकोट (४</td><td>4</td><td>5</td><td>9</td><td></td><td>3</td><td>12</td><td>247</td></tr>
<tr><td>९</td><td>शिक्षा वोधनी मा. वि..रुद्रपुर</td><td>हुप्सेकोट (५</td><td>2</td><td>5</td><td>7</td><td>१</td><td>3</td><td>11</td><td>103</td></tr>
<tr><td>१०</td><td>जनता आधारभुत विद्यालय गुहेरी</td><td>हुप्सेकोट (२</td><td>6</td><td>2</td><td>8</td><td></td><td>3</td><td>11</td><td>381</td></tr>
<tr><td>११</td><td>वराजु आधारभुत विद्यालय भँडारी</td><td>हुप्सेकोट (६</td><td>0</td><td>3</td><td>3</td><td></td><td>2</td><td>5</td><td>72</td></tr>
<tr><td>१२</td><td>जनकल्याण आधारभुत विद्यालय शंखदेउ</td><td>हुप्सेकोट (४</td><td>5</td><td>5</td><td>10</td><td>१</td><td>3</td><td>14</td><td>183</td></tr>
<tr><td>१३</td><td>अकेला देवि प्रा.वि. धौला</td><td>हुप्सेकोट (६</td><td>2</td><td>0</td><td>2</td><td></td><td>2</td><td>4</td><td>45</td></tr>
<tr><td>१४</td><td>दुर्गा प्रा.वि.नाम्जाकोट</td><td>हुप्सेकोट (५</td><td>1</td><td>2</td><td>3</td><td></td><td>2</td><td>5</td><td>39</td></tr>
<tr><td>१५</td><td>नवस्मृति सामुदायिक प्रा.वि.</td><td>हुप्सेकोट (४</td><td>1</td><td>2</td><td>3</td><td></td><td>2</td><td>5</td><td>65</td></tr>
<tr><td>१६</td><td>लक्ष्मि प्रा.वि.कुटे</td><td>हुप्सेकोट (४</td><td>1</td><td>2</td><td>3</td><td>२</td><td>3</td><td>8</td><td>95</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | वाल हित प्रा.वि.चपाहा | हुप्सेकोट (२ | 2 | 1 | 3 | | 2 | 5 | 119 |
| १८ | हुप्सेकोट जनकल्याण आ.वि.मोहनडाडा | हुप्सेकोट (२ | 1 | 5 | 6 | १ | 2 | 9 | 201 |
| १९ | शान्ति प्रा.वि.पिपलडाडा | हुप्सेकोट (६ | 1 | 2 | 3 | १ | 2 | 6 | 104 |
| २० | वालकल्याण प्रा.वि.कोलिया | हुप्सेकोट (२ | 1 | 4 | 5 | | 2 | 7 | 58 |
| २१ | नवदुर्गा प्रा.वि.वाकखोर हाल विस्थापित | हुप्सेकोट (५ | 0 | 0 | 0 | १ | 0 | 0 | 30 |
| २२ | त्रिभुवन प्रा.वि.पांगे्र | हुप्सेकोट (५ | 0 | 4 | 4 | | 2 | 6 | 54 |
| २३ | नवजागरणप्रा.वि.पोखरी हुप्सेकोट | हुप्सेकोट (५ | 0 | 2 | 2 | | 2 | 4 | 69 |
| २४ | रुपकला प्रा.वि. राम्चे | हुप्सेकोट (५ | 0 | 2 | 2 | १ | 2 | 5 | 30 |
| २५ | शिक्षावोधनि प्रा.वि. बसेनी | हुप्सेकोट (५ | 0 | 3 | 3 | ३ | 2 | 8 | 33 |
| २६ | हुप्सेकोट आ.वि.विरुखरक | हुप्सेकोट (६ | 0 | 7 | 7 | ४ | 2 | 13 | 202 |
| २७ | हुप्सेकोट प्रा.वि.दमार | हुप्सेकोट (६ | 1 | 2 | 3 | १ | 2 | 6 | 63 |
| २८ | सरस्वति प्रा.वि.रातोडाडा भञ्यांग जगदेउ | हुप्सेकोट (६ | 0 | 1 | 1 | १ | 2 | 4 | 15 |
| २९ | निरमावराहि प्रा.वि. | हुप्सेकोट (६ | 0 | 2 | 2 | | 2 | 4 | 12 |
| ३० | नेपाल राष्टिय किसान प्रा.वि.. | हुप्सेकोट (६ | 1 | 2 | 3 | १ | 2 | 6 | 34 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | वालसेवा प्रा.वि.कुरुन्टार | हुप्सेकोट (६ | 1 | 3 | 4 | २ | 2 | 8 | 103 |
| ३२ | विद्याज्योति प्रा.वि.गाडाखोला | हुप्सेकोट (२ | 1 | 3 | 4 | | 2 | 6 | 59 |
| ३३ | राष्टिय आ.वि.पहारेवसेनी | हुप्सेकोट (५ | 1 | 5 | 6 | २ | 2 | 10 | 79 |
| ३४ | वालजागरण प्रा.वि. चारघरे | हुप्सेकोट (४ | 1 | 2 | 3 | | 2 | 5 | 53 |
| ३५ | नमुना प्रा.वि.सतकुन | हुप्सेकोट (५ | 1 | 3 | 4 | | 4 | 8 | 102 |
| ३६ | सुर्यविनायक प्रा.वि.रुम्सी | हुप्सेकोट (४ | 1 | 1 | 2 | | 2 | 4 | 21 |
| ३७ | खरक भन्ज्याग प्रा.वि. दमारडाँडा | हुप्सेकोट (२ | 0 | 2 | 2 | | 2 | 4 | 14 |
| ३८ | पोखरी देवि आधारभत विदालय | हुप्सेकोट (६ | 0 | 1 | 1 | | 2 | 3 | 31 |
| ३९ | मुना आधारभूत विद्यालय | हुप्सेकोट (७ | 0 | 0 | 0 | | 2 | 2 | 0 |
| ४० | लायनखोला आवि | हुप्सेकोट (२ | 0 | 0 | 0 | | 2 | 2 | 0 |
| ४१ | हुप्सेकोट प्राविधिक शिक्षालय | हुप्सेकोट (३ | 0 | 0 | 0 | | 2 | 2 | 130 |
| | जम्मा | | 71 | 130 | 201 | 23 | 99 | 323 | 6086 |

| | | | | |
|---|---|---|---|---|
| १२.४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**– स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तहभित्रका वडाहरुमा गोरेटोबाटो, सिडि तथा बाटो सोलिङ निर्माण जस्ता लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १९८ जनालाई रोजगारी उपलव्ध गराई रु. ४९ लाख खर्च गरेको छ । लक्षित वर्गलाई १७ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| १२.५ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु २९९२३६८।- कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| १२.६ | | | **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>पेश्की व्यवस्थापनः<br>पेश्की फर्छ्यौंट- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छ्यौंट गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपलब्ध गराएको फर्छ्यौंट गर्न बाँकी पेश्कीको मास्केवारी तथा म.ले.प.फा.नं. २७२ को वित्तिय प्रतिवेदनको अनुसूची २३ अनुसार पालिकाबाट प्राप्त पेश्कीको मास्केवारी तथा चालु वर्षको म्याद ननाघेको रु.३३६६८२१।-, म्याद नाघेको रु. ४६०००००।— समेत रु. ७९६६८२१।— पेश्की फर्छ्यौंट गर्न बाँकी देखिन्छ । उक्त पेश्की रकम वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फर्छ्यौंट गर्नुपर्दछ । चालु आ.व. को म्याद नाघेको निम्नानुसारको पेश्की रकम नियमावलीमा व्यवस्था भए वमोजिम फर्छ्यौंट गर्नुपर्ने रु.<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१३.२</td><td>एस एण्ड आर कन्स्ट्रक्सन मिति २०७९।२।१२</td><td>४,८६,०४६</td></tr>
<tr><td>१३.३</td><td>नेपाल विद्युत प्राधिकरण मिति २०७८।४।१</td><td>३,५७,५१९</td></tr>
<tr><td>१३.४</td><td>नेपाल विद्युत प्राधिकरण मिति २०७८।६।८</td><td>१०,००,०००</td></tr>
<tr><td>१३.५</td><td>नेपाल विद्युत प्राधिकरण मिति २०७८।९।१</td><td>५,००,०००</td></tr>
<tr><td>१३.६</td><td>नेशनल प्रोग्राम सेन्टर प्रा.लि. मिति २०७८।४।१</td><td>५,९८,५००</td></tr>
<tr><td>१३.७</td><td>यूनिक बिल्डर्स मिति २०७८।४।१</td><td>२,९४,७५६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३२३६८२१</td></tr>
</table>
<br>..........प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्स्यौंट भई प्रमाण पेश भएको आधारमा मिति २०७९। १२ ।०६ को निर्णयबाट रु. १३००००।- सम्परीक्षण गरिएको ।</td><td>३,२३६,८२१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **नगद भुक्तानी**<br>आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ बाट राज्यकोषबाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ती तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रवरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ च्यानल बाट भुक्तानी गर्नु पर्ने व्यवस्था भएकोमा गाउँपालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम एकमुष्ट रु.१७२३०४०।०० ।— भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ । केही उदाहरण निम्नानुसार छन् । | |

| गो.भौ.नं/मिति | योजनाको नाम | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ७०।२०७८।११।२९ | वगैचाचोक देखि महिमा चोक हुदै वसन्तचोकसम्मको वाटो स्तरोन्नती कार्य | दानवहादुर सारुसमेत २जना | ५०००० |
| | | कृष्णवहादुर पाण्डे ९जना | १४८३९० |
| | | भेषवहादुर कुमालसमेत१८ जना | १२९६३० |
| १३३।२०७९।०१।११ | जुगेपानी पोखरी देखि वेवरावारी डिही झेडिचोक हुदै गाउँपालिका जाने वाटो निर्माण कार्य | दिलवहादुर सोतीसमेत २१ जना | ३४९००० |
| | | धनवहादुर गाहासमेत ३० जना | ३०९५६० |
| ७८।२०७८।११।३० | | योग वहादुर रानासमेत १०जना | १७३२४० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>लाफाचोक देखि पाटाचोक हुदै शान्तिचोक सम्मको वाटो निर्माण कार्य</td><td>थमनसिंह रानासमेत १८ जना</td><td>१८८०००</td></tr>
<tr><td rowspan="3">१२९।२०७९।०१।०४</td><td rowspan="3">कोलिया डहर नं.१ वाटो स्तरोन्नती कार्य</td><td>काशिराम राना समेत २ जना</td><td>१७५०००</td></tr>
<tr><td>मनवहादुर राना समेत ४ जना</td><td>५३२५०</td></tr>
<tr><td>दानवहादुर राना समेत ९जना</td><td>१४६९७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७२३०४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
अधुरो निर्माण<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (१) बमोजिम लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुटै खरिद सम्झौता गर्नु पर्ने तेस्तै ९(२) सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बोलपत्र जमानत वा कार्यसम्पादन जमानत लगायत मोबिलाईजेशन र डिमोबिलाईजेशन खर्च, बिमा, परामर्शदातालाई दिनु पर्ने सुविधा वापतका कार्यहरू गुणस्तर परिक्षण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा, एज बिल्ट नक्सा, कार्यसम्पादन जमानतको कमिशन खर्च अनि आदिको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा पालिकाले सो बेगर अधुरो निर्माण भनी भुक्तानी दिएको केही उदाहरण निम्न बमोजिम छन् ।
<table>
<tr><th>सि.नं.</th><th>गो.भी. र मिति</th><th>उपभोक्ता समिति /निर्माण व्यवसायी</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>१८।२०७८।०८।२७</td><td>जितबहादु कानुको घरदेखि सत्यवती वन कार्यालय सम्मको बाटो अधुरो कालोपत्रे उ.स.</td><td>५७२८४९</td></tr>
<tr><td>२.</td><td>२०।२०७८।०८।२७</td><td>अटलचोकदेखि जितबहादुर कानुको घरचोक सम्मको बाटो कालोपत्रे उ.स.</td><td>१२६०२४९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३.</td><td>२१।२०७८।०८।२८</td><td>मिलनचोक देखि चन्त्यात चोक सम्मको बाटो कालोपत्रे<br>मिलनचोक देखि चुन्यात चोक सम्मको बाटो कालोपत्रे उ.स.</td><td>३१७१९५७</td></tr>
<tr><td>४.</td><td>३०।२०७८।०८।२१</td><td>भुतपूर्व चोकदेखि समावेशी चोक कालोपत्रे उ.स.</td><td>२५३४०००</td></tr>
<tr><td>५.</td><td>४५।२०७८।१०।१०</td><td>पवित्र हिन्डर्स एण्ड सप्लायर्स</td><td>३३७३६१४</td></tr>
<tr><td>६.</td><td>१३७।२०७९।०१<br>।१५</td><td>जनकल्याण स्कुल हुँदै बडा कार्यालय जाने बाटो कालोपत्रे<br>जनकल्याण स्कुल हुदै ४ नं वडा कार्यालय जाने बाटो उ.स .</td><td>२५०००००</td></tr>
<tr><td>७.</td><td>२८२।२०७९।०३।२५</td><td>जे.पी. निर्माण सेवा</td><td>१६१४०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१५०२६६६९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
कार्यसम्पन्न प्रतिवेदन<br>
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(२) वमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रईङ्ग, डिजाईन वा स्पेसिफिकेशन वमोजिम भए नभएको एकिन गर्न प्राविधिक कर्मचारीवाट जाचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । पालिकाले सशर्त अनुदान अन्तर्गत निम्न विद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भौतिक पुर्वाधार निर्माण कार्य गर्न रु.१३०००००।०० निकासा दिएको रकमको निर्माण कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिदेन तयार गरेको देखिएन । कार्यालयले तोकिएको समयमा कार्यसम्पन्न गरी प्राविधिकवाट नाँपजाँच गराई भौतिक निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>भौचर नं.र मिति</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१७।२०७९।०३।०७</td><td>शिक्षा वोधनी मावि , रुद्रपुर</td><td>२ कोठे भवन</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>१७।२०७९।०३।०७</td><td>नेपाल शान्ति मावि ,वेलहानी</td><td>२ कोठे भवन</td><td>६५००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१३०००००</td></tr>
</table>
</td><td>१,३००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ..........*प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई भएको आधारमा मिति २०७९।१२ ।१६ को निर्णयबाट रु.१०८००००० ।- सम्परीक्षण गरिएको ।* | |
| १७ | | | **जटिलसंरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखियो । | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३।२०७८।०५।०१ | ३ नं. वडा कार्यालयको अधुरो भवन निर्माण उपभोक्ता समिति | अधुरो भवन निर्माण कार्य | १४३०७५० |
| १७।२०७८।०८।२६ | कल्भर्ट हल निर्माण उपभोक्ता समिति | कल्भर्ट हल निर्माण कार्य | १४१४९१६ |
| १८।२०७८।०८।२७ | जितवहादुर कानूको घरचोकदेखि वन कार्यालयसम्म वाटो अधुरो कालोपत्रे निर्माण उपभोक्ता समिति | अधुरो वाटो कालोपत्रे निर्माण कार्य | ५५५६६३ |
| २१।२०७८।०८।२८ | मिलनचोक देखि छन्त्याल चोकसम्मको वाटो कालोपत्रे निर्माण उपभोक्ता समिति | कालो पत्रे सडक निर्माण कार्य | ३१३०१०८ |
| ३०।२०७८।०९।२१ | भु.पु. चोकदेखि समावेशीभोक सम्ममको वाटो कालोपत्रे निर्माण उपभोक्ता समिति | कालो पत्रे सडक निर्माण कार्य | २७११९१५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९६।२०७८।१२।०९</td><td>सृजनशील चोकदेखि शान्तिचोकसम्मको वाटो कालोपत्रे उपभोक्ता समिति</td><td>कालो पत्रे सडक निर्माण कार्य</td><td>३१६५७२६</td></tr>
<tr><td>९७।२०७८।१२।०९</td><td>चौतारटोल देखि संगमचोकसम्मको वाटो कालोपत्रे उपभोक्ता समिति</td><td>कालो पत्रे सडक निर्माण कार्य</td><td>३१८८६९५</td></tr>
<tr><td>१४०।२०७८।०१।१६</td><td>झ्यालवास गुरुङ्गघाट रातो खोला वसेनी सडक मर्मत संभार तथा संचालन उपभोक्ता समिति</td><td>सडक मर्मत तथा संभार कार्य</td><td>१९४००००</td></tr>
<tr><td>१८०।२०७९।०२।१९</td><td>सृजनशील चोकदेखि शान्तिचोकसम्मको वाटो कालोपत्रे उपभोक्ता समिति</td><td>कालो पत्रे सडक निर्माण कार्य</td><td>१८४६७९५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९३८४५६८</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td>३६</td><td>२०७८-११-१२</td><td>सामाजिक आर्थिक लेखापरीक्षण अनुदान<br>स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय मध्ये आधारभुत तह ( कक्षा १ देखि ५, कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुको लागि प्रति विद्यालय रु १० हजारका दरले र माध्यामिक तह (कक्षा १ देखि १०, कक्षा १ देखि १२) सञ्चालित प्रति विद्यालयलाई रु १५ हजारका दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप संचालन गर्नको लागि एकमुष्ट अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ०७८।७९ को क्रियाकलाप न.२.७.१३.१० मा उल्लेख छ। पालिकाले यस वर्ष सामजिक तथा आर्थिक लेखापरीक्षण गर्ने ३९ विद्यालयहरुलाइ रु.४४५००० अनुदान निकासा दिएकोमा २६ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पालिकामा उपलब्ध गराएका छैनन्। प्रत्येक वर्ष सामाजिक तथा आर्थिक लेखापरीक्षण कार्यको लागि निकासा दिने लिने तर विद्यालयहरुले परीक्षण गराई पारदर्शिता र जवाफदेहिता मुल्यांकन नगर्ने प्रचलनले विद्यालयको आर्थिक अनुशासन कायम नहुने</td><td>२९०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अवस्था रहेको छ । अत पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न २६ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पेश गर्नु पर्ने रु | |
| १९ | | | **औषधि खरिद**<br>• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. GMP सर्टीफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको।<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br>• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| २० | | | **कृषि तथा पशुमा अनुदान**<br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ ।यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्। | |

| क्र. स | कार्यक्रमको नाम | कुल खर्च | अनुदान रकम प्रतिशत | लाभग्राहि संख्या |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>व्यवसायिक च्याउ खेति विकास कार्यक्रम</td><td>२४५०००</td><td>५०</td><td></td></tr>
<tr><td>२</td><td>व्यवसायिक तरकारी खेति विकास कार्यक्रम</td><td>६६००००</td><td>५०</td><td>६०१</td></tr>
<tr><td>३</td><td>आकस्मिक बालिसंरक्षण कार्यक्रम</td><td>२०००००</td><td>५०</td><td>३००</td></tr>
<tr><td>४</td><td>व्यवसायिक मौरी विकास कार्यक्रम</td><td>२४८०००</td><td>७५</td><td>१७</td></tr>
<tr><td>५</td><td>कृषि प्रसार टेवा कार्यक्रम</td><td>३३२०००</td><td></td><td>७००</td></tr>
<tr><td>६</td><td>व्यवसायिक आलु विकास कार्यक्रम</td><td>५६३०००</td><td>५०</td><td>५००</td></tr>
<tr><td>७</td><td>एक घर एक करेसाबारी कार्यक्रम</td><td>१९५०००</td><td>१००</td><td>२४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४४३०००</td><td>३७५</td><td>२१४२</td></tr>
</table>
अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिनुपर्दछ । कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।साथै कृषि तथा पशुका केही कार्यक्रमहरु विना लागत सहभागीतामा सञ्चालन भएका छन् सवै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराइ कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोगमा पालिकाले ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**निर्देशिकाको पालना नभएको**

अर्थ मन्त्रालयद्धारा जारि गरिएको कार्यसञ्चालन निर्देशिका,२०७७ को ७.१.१५ अन्तर्गत सि.न ४ अनुसार तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक अधिकृत स्तरको तालिममा कार्यपत्र बापत नगरपालिका स्तरमा रु.१००० तथा कक्षा सञ्चालन वापत रु.६०० पाउने व्यवस्था रहेको छ। साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम पाउनेछ भन्ने व्यवस्था भएकोमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यालयको निम्न लिखित स्रोत व्यक्तिहरुले कक्षा लिएवापतको पारिश्रमिक भुक्तानी लिएको देखिन्छ।कानुन विपरित भुक्तानी लिएको उक्त रकम सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>भौ. न र मिति</th><th>नाम थर</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td rowspan="3">१६१।२०७८।९।६</td><td>विनोद अर्याल</td><td rowspan="3">WSP र VMW तालिम प्रशिक्षण भत्ता</td><td>२९७५</td></tr>
<tr><td>विष्णु प्रसाद काफ्ले</td><td>८०७५</td></tr>
<tr><td>सुरज पौडेल</td><td>४२५०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१५३००</td></tr>
</table>

***..........प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०७९। १२। ०६ को निर्णयबाट रु. १४८७५।- सम्परीक्षण गरिएको ।***

</td><td>१५,३००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>विद्यालय सुधार (SIP) योजना<br><br>........... प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ । ०६ को निर्णयबाट रु. ३१००००।- सम्परीक्षण गरिएको ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>बढी दरमा खरिद<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था निम्न भौचरबाट हिउँदे घाँसको विउ खरीद गर्दा जिल्ला दर रेट भन्दा बढी दरमा खरिद गरि भुक्तानी भएकोले पलिकालाइ बढी व्ययभार पर्न गएको रु.
<table>
<tr><td>भौ.मिति</td><td>घाँसको नाम</td><td>खरिद दर</td><td>जिल्ला दर</td><td>परिमाण केजि</td><td>फरक दर</td><td>बढी भुक्तानी</td></tr>
<tr><td rowspan="2">६।२०७८।७।१७</td><td>वर्षिम घाँस</td><td>३४५</td><td>३३६</td><td>४३४</td><td>९</td><td>३९०६</td></tr>
<tr><td>जै घाँस</td><td>१२५</td><td>६३</td><td>२०००</td><td>६२</td><td>१२४०००</td></tr>
<tr><td>४४।२०७९।३।१६</td><td>सुडान घाँस</td><td>१२०</td><td>१०५</td><td>११००</td><td>१५</td><td>१६५००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१४४४०६</td></tr>
</table></td><td>१४४,४०६</td></tr>
<tr><td>२४</td><td>५४५</td><td></td><td>वैठकमा उपस्थित नभई भुक्तानी लिएको<br>२०७९।२।९ ,मा बसेको वडा पदाधिकारीको वैठकमा सुन बहादुर खम्चा मगर ले वैठकमा उपस्थित नभई कर कट्टीपछी रु.१७०० तथा भिम प्रसाद रजालीले रु.८५० भुक्तानि लिएको देखिन्छ।उक्त रकम सम्बन्धित बाट असुल गरि दाखिला गर्नुपर्ने रु.</td><td>२,५५०</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले खर्च शिर्षक फरक पारी खर्च गरेको कारण रकम फरक परेको छ । शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुशासनको उल्लंघन गर्नु हो।शीर्षक फरक पारी खर्च गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><th>खर्च गर्नुपर्ने शिर्षकको नाम</th><th>खर्च गरेको शिर्षकको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>करार सेवा शुल्क</td><td>पारिश्रमिक कर्मचारी</td><td>१०६४१७६</td></tr>
<tr><td>करार सेवा शुल्क</td><td>परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम</td><td>५६८००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११२०९७६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कृषि परामर्शदाता<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरबन्दी बेगर कृषि परामर्शदाता नियुक्ती गरी मासिक रु.४०००० का दरले वार्षिक रु.४८०००० खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.</td><td>४८०,०००</td></tr>
